"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड ८ संख्याः ८

**गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८२।१२।०३**

**राजपत्रमा प्रकाशित मितिः २०८२।१२।०४**

## भाग २

**आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**संक्रान्तिबजार, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७८

**गाउँ कार्यपालिकाद्वारा पारितः २०७८/०७/१०**
**पहिलो संशोधनः २०८२/१२/०३**

**प्रस्तावनाः** ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा उनीहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आठराई गाउँपालिका गाँउ कार्यपालिकाको बैठकले पारित गरि यो कार्यविधि लागु गरेको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७८"** रहनेछ।

(२) यो कार्यविधि आठराई गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ऐन भन्नाले **"ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३"** लाई सम्झनुपर्छ।

(ख) गाउँपालिका भन्नाले आठराई गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद — २
## परिचय पत्र वितरणका आधार, उद्देश्य एवं मापदण्ड

३. **परिचय पत्र वितरणका आधारः** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरणका आधार हुनेछ।

४. **उद्देश्यः** (१) ज्येष्ठ नागरिकहरुको लगत राखी परिचय पत्र वितरण गर्ने,

(२) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सर्वाजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

(३) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने।

५. **परिचय पत्र वितरणका मापदण्डः** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ।

## परिच्छेद — ३
## लक्षित वर्ग तथा वर्गिकरण

६. **लक्षित वर्गः** ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ ले परिभाषित गरे अनुसार ६० वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

७. **ज्येष्ठ नागरिकको वर्गिकरणः** आठराई गाउँपालिका भित्रमा बसोबास गर्ने ज्येष्ठ नागरिकहरुको देहाय बमोजिम वर्गीकरण गरि परिचय पत्र वितरण गरिएको छः

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक।

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक।

(ग) असहाय ज्येष्ठ नागरिक।

(घ) अशक्त ज्येष्ठ नागरिक।

(ङ) एकल ज्येष्ठ नागरिक।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि "एकल ज्येष्ठ नागरिक" भन्नाले विधुवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनु पर्छ।

## परिच्छेद — ४
## परिचयपत्र वितरण प्रकृया

८. **परिचय पत्र वितरण प्रकृयाः** ✎ (१) ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी (६०) वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले यस पालिकाको आफ्नो स्थायी ठेगाना भएको वडा कार्यालयमा गई अनुसूची — १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ। यस प्रयोजनका लागि नागरिकताको प्रमाण पत्र लाई आधार मानिनेछ।

✎ (३) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकार वडा सचिव वा निजले तोकेको कर्मचारीको हुनेछ।

(४) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत अनुसूची — २ बमोजिम गाउँपालिकामा राखी वार्षिक रुपमा संघ तथा प्रदेशको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(५) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडा कार्यालय मा निवेदन पेश गर्नु पर्नेछ।

✎ (६) यस गाउँपालिका वाहेक अन्य जिल्ला वा स्थानीय तहको नागरिकता भएका व्यक्तिहरूको हकमा यस पालिकामा आएको बसाइसराई प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने छ।

९. **ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचाः** (१) ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा अनुसूची — ३ बमोजिमको ढाँचामा हुनेछ।

(२) ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकता प्रमाणपत्रको आकार बराबरको हुनेछ। परिचयपत्रको एकातर्फ नेपाली भाषामा र पछाडि पट्टी अङ्ग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ।

✎ पहिलो संशोधनद्वारा संशोधित

१०. **विविधः** ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचिलित कानुनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ।

११. **बचाऊ तथा खारेजीः** यस भन्दा अघि गाउँपालिकाबाट ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आठराई राजपत्र

**अनुसूची — १**

**निवेदनको ढाँचा**

दफा ८ (१) सँग सम्बन्धित

मितिः..................

श्रीमान वडा सचिवज्यू,
........... नं वडा कार्यालय,
आठराई गाउँपालिका, तेह्रथुम।

**विषयः** ज्येष्ठ नागरिक परिचय पत्र पाँउ भन्ने बारेमा।

उपरोक्त सम्बन्धमा म यस नगरको स्थाई बासिन्दा भई ६० बर्ष उमेर पुरा भएकाले मेलै पाउने ज्येष्ठ नगरिक परिचय पत्र पाँउ भनि तपसलिका विवरणहरु भरि निवेदन गर्दछु।

१. जेष्ठ नागरिकको व्यक्तिगत विवरण

क) जेष्ठ नागरिकको नाम, थरः ..........................

ख) पति/पत्नि को नामः ..................................

ग) जन्म मिति र स्थानः ................................ लिङ्गः .................

घ) ठेगानाः तेह्रथुम जिल्ला आठराई गाउँपालिका वडा नं .......

सम्पर्क नं. .................

ङ) नगरिकता प्रमाणपत्र नं. जारी जिल्ला र जारी मितिः .......................................

च) शैक्षिक योग्यताः

छ) पेशागत दक्षताः

ज) अनुभवको क्षेत्रः

निवेदक

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क नं

आठराई राजपत्र

## अनुसूची — २

## ज्येष्ठ नागरिकको परिचय पत्र अभिलेख ढाँचा

दफा ८(४) सँग सम्बन्धित

| क्र.सं. | दर्ता नं. मिति | ज्येष्ठ नागरिक परिचय-पत्र नं. | नाम थर | जन्म मिति | बुवा / आमाको नाम थर | बाजेको नाम थर | पति/पत्नीको नामथर | संरक्षको नामथर | ठेगाना / सम्पर्क | ना.प्र.नं. तथा जारी मिति र जिल्ला | दस्तखत | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची — ३
## परिचय पत्र ढाँचा
दफा ९(१) सँग सम्बन्धित

### अगाडीको भाग

अनुसूची - ३

**आठराई गाउँपालिका**

[illegible]

**............ नं. वडा कार्यालय**

**कोशी प्रदेश, नेपाल**

**परिचय-पत्र नं. ..........**

**वर्गिकरण ..........**

**ज्येष्ठ नागरिक परिचय-पत्र**

**फोटो**

**नाम थर** ........................................................................................................

**ना.प्र.नं** ........................................ **जारी मिति** ..............................................

**ठेगाना: जिल्ला: तेह्रथुम** **पालिका: आठराई गा.पा.** **वडा नं** ..............

**टोल गाउँ:** ................................ **उमेर:** .............. **लिङ्ग:** ...............

**उपलब्ध छुट तथा सुविधाहरू:** ..............................................................................

**पति/पत्नीको नाम:** ....................................................................................

**संरक्षकको नाम:** ........................................................................ **नाता:** ...............

**हेरचाह केन्द्रमा बसेको भए सोको विवरण:** ..............................................................

**प्रमाणित गर्ने कर्मचारीको**

**दस्तखत:** ..............................

**नाम थर:** ..............................

**पद:** ..................................

**सम्पर्क नं.** ......................

### पछाडीको भाग

Schedule - 3

**Aathrai Rural Municipality**

[illegible]

**.............. No. Ward Office**

**Koshi Province, Nepal**

**Id Card No....**

**Category ....**

**Senior Citizen Identity Card**

Photo

**Name:** ........................................................................................

**Citizenship No.** ...................... **Date of Issue:** ..............

**Address: District Tehrathum, Aathrai Mun, Ward No: ...**

**Tole:** ......................... **Age:** ......... **Gender:** ...........

**Available discount feature:** ..........................................................

**Spouse's name:** .......................................................................

**Patron's name:** ............................. **Relation:** ...............

**Details of care center if residing:** ................................

**Certifying Employee**

**Sign:** ..................

**Name:** ................

**Post:** .................

**Contact No.** .........



**आज्ञाले,**

श्री नारायण भण्डारी

प्रमुख प्रशासकीय अधिकृत